# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ४) घ्याङलेख, असार १० गते, २०७८ साल (अतिरिक्ताङ्क २

## भाग १

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको आर्थिक ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७८ सालको ऐन नं. २**

# घ्याङलेख गाउँपालिकाको विनियोजन ऐन, २०७८

**प्रस्तावना** : घ्याङलेख गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"घ्याङलेख गाउँपालिकाको विनियोजन ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

क) **"गाउँ सभा"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ख) **"कार्य पालिका"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) **"वडा समिति"** भन्नाले घ्याङलेख गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) **"बिषयगत शाखा"** भन्नाले घ्याङलेख गाउँपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ) **"संञ्चित कोष"** भन्नाले घ्याङलेख गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**:

(१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची १** मा उल्लिखित

चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५४,६३,०६,३१३।०० (**अक्षेरुपी चौवन्न करोड त्रिसट्ठी लाख छ हजार तीन सय तेह्र रुपयाँ मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा घ्याङलेख गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

घ्याङलेख गाउँपालिका

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**घ्याङलेख गाउँपालिकाको आ.व. २०७८।०७९ का लागि संञ्चित कोषमा जम्मा रहने तथा सोबाट विनियोजन हुने रकम**

**घ्याङलेख गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हायुटार, सिन्धुली**

**आ.व.२०७८।०७९ को लागि नवौं गाउं सभा प्रस्तावित एकिकृत आय व्ययको विवरण**

| आय | | | व्यय | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम तथा बजेट शिर्षक | रकम रू. | क.सं. | कार्यक्रम । आयोजना । क्रियाकलाप | रकम रू. | चालु | पूंजीगत | जम्मा |
| १ | गत आ.व. बाट सरी जाने जिम्मेवारी अनुमानित हिसाव | ७००००००।०० | १ | प्रशासनिक तथा कार्यक्रम खर्च (अनुसूची १) | ९५६८९३७९।०० | ८७४८४३७९ | ८२०५००० | ९५६८९३७९ |
| २ | नेपाल सरकार (अनुसूची ३) | | २ | सामामजिक सुरक्षा भत्ता (लाभग्राहीको अभिलेख अनुसार अनुसूची २) | ४००००००००।०० | ४००००००० | ० | ४००००००० |
| २.१ | वित्तीय समानिकरण | ७२९०००००।०० | ३ | नेपाल सरकार सशर्तमा तोकिए बमोजिमका कार्यक्रम (अनुसूची ३) | १३६२०००००।०० | १११५००००० | २४७००००० | १३६२००००० |
| २.२ | सशर्त अनूदान चालु | १३०७०००००।०० | ४ | प्रदेशका सरकार सशर्तमा तोकिए बमोजिमका कार्यक्रम (अनुसूची ४) | १२६१००००।०० | २६१०००० | १०००००००० | १२६१०००० |

| आय | | | व्यय | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क.सं.** | **कार्यक्रम तथा बजेट शिर्षक** | **रकम रू.** | **क.सं.** | **कार्यक्रम । आयोजना । क्रियाकलाप** | **रकम रू.** | **चालु** | **पूंजीगत** | **जम्मा** |
| २.३ | सशर्त अनुदान पूजीगत | ५५०००००।०० | ५ | सडक बोर्ड नेपालबाट सहमति बमोजिम कार्यक्रम संचालन (अनुसूची ५) | १५०००००।०० | | १५००००० | १५००००० |
| २.४ | राजस्व वांडफांड रकम | ६३६३४०००।०० | ६ | विपद् व्यवस्थापन कोष (अनुसूची ६) | ४००००००।०० | ४०००००० | | ४०००००० |
| २.५ | समपुरक अनुदान | १३१०००००।०० | ७ | विषयगत शाखाका थप कार्यक्रम | | | | ० |
| २.६ | विशेष अनुदान | ६१०००००।०० | ७.१ | स्वास्थ्य शाखा (अनुसूची ७) | १३२६७१४०।०० | १२४६७१४० | ८००००० | १३२६७१४० |
| २.७ | प्राकृतिक स्रोत वांडफांडबाट प्राप्त हुने रोयल्टी | १०८६७६।०० | ७.२ | शिक्षा,युवा तथा खेलकुद (अनुसूची ८) | १४१५३०००।०० | १३४५३००० | ७००००० | १४१५३००० |
| ३ | नेपाल सरकार | | ७.३ | कृषि विकास (अनुसूची ९) | ८७०००००।०० | ५७००००० | ३०००००० | ८७००००० |
| ३.१ | सामाजिक सुरक्षा भत्ता | ४०००००००।०० | ७.४ | पशु सेवा (अनुसूची १०) | ३४५००००।०० | ३४५०००० | ० | ३४५०००० |
| ४ | प्रदेश सरकार | | ७.५ | महिला, वालबालिका तथा जेष्ठ नागरिक (अनुसूची ११) | ३४५००००।०० | ३४५०००० | ० | ३४५०००० |
| ४.१ | वित्तीय समानिकरण | ५४७४०००।०० | ७.६ | लघु उद्यम विकास कार्यक्रम (अनुसूची १२) | ६५००००।०० | ६५०००० | ० | ६५०००० |
| ४.२ | सशर्त अनुदान | १२६१००००।०० | ७.७ | बहुक्षेत्रीय पोषण कार्यक्रम (अनुसूची १३) | ५७७०००।०० | ५७७००० | ० | ५७७००० |
| ४.३ | सवारी साधन कर वांडफांड रकम | १४९०३६५६।४० | ८ | मर्मत संभार कोष (अनुसूची १४) | २५०००००।०० | ० | २५००००० | २५००००० |

| आय | | | व्यय | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम तथा बजेट शिर्षक | रकम रू. | क.सं. | कार्यक्रम । आयोजना । क्रियाकलाप | रकम रू. | चालु | पूंजीगत | जम्मा |
| ४.४ | सम्पूरक अनुदान | २९७६५०००।०० | ९ | समपुरक कोष (Matching Fund) (अनुसूची १५) | ४८०५००००।०० | ० | ४८०५०००० | ४८०५०००० |
| ४.५ | विशेष अनुदान | ४८०००००।०० | १० | नेपाल सरकार, प्रदेश सरकारको समपुरक कोषबाट संचालन हुने आयोजनाहरू (अनुसूची १६) | ४२८६५०००।०० | ० | ४२८६५००० | ४२८६५००० |
| ५ | अन्य निकायबाट ( जिल्ला समन्वय समिति) | ७५००००।०० | ११ | नेपाल सरकार विशेष अनुदानमा तोकिए बमोजिमका कार्यक्रम (अनुसूची ३) | ६१०००००।०० | | ६१००००० | ६१००००० |
| ६ | सडकबोर्ड नेपाल | १२०००००।०० | १२ | प्रदेश सरकार विशेष अनुदानमा तोकिए बमोजिमका कार्यक्रम (अनुसूची १७) | ४८०००००।०० | | ४८००००० | ४८००००० |
| ७ | आन्तरिक आय | ३०६००००।०० | १३ | गाउंस्तरीय योजना तथा कार्यक्रम (अनुसूची १८) | ५७७६५०००।०० | ११८००००० | ४५९६५००० | ५७७६५००० |
| ८ | आन्तरिक आय ( ढुंगा, गिट्टी, बालुवा) | ३००००००।०० | १४ | आ.व. २०७८।०७९ का नयां वडास्तरीय कार्यक्रम | | | | ० |
| ९ | आन्तरिक स्रोत (अन्य राजस्व) | ६८७००९८०।६० | १५.१ | वडा नं. १ (अनुसूची १९) | ४६५००००।०० | ८००००० | ३८५०००० | ४६५०००० |
| | | | १५.२ | वडा नं. २ (अनुसूची २०) | ४००००००।०० | १००००० | ३९००००० | ४०००००० |
| | | | १५.३ | वडा नं. ३ (अनुसूची २१) | ४६९००००।०० | १९११००० | २७७९००० | ४६९०००० |

| आय | | | व्यय | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम तथा बजेट शिर्षक | रकम रू. | क.सं. | कार्यक्रम । आयोजना । क्रियाकलाप | रकम रू. | चालु | पूंजीगत | जम्मा |
| | | | १५.४ | वडा नं. ४ (अनुसूची २२) | ७९०००००।०० | ६००००० | ७३००००० | ७९००००० |
| | | | १५.५ | वडा नं. ५ (अनुसूची २३) | ६७०००००।०० | ० | ६७००००० | ६७००००० |
| | | | १६ | आ.व.०७७।०७८ का सरी आउने (क्रमागत) योजना (अनुसूची २४) | २२०३९७९४।०० | ० | २२०३९७९४ | २२०३९७९४ |
| जम्मा | | ५४६३०६३१३।०० | जम्मा | | ५४६३०६३१३।०० | ३००५५२५१९ | २४५७५३७९४ | ५४६३०६३१३ |
| | | | चालु र पूंजीगत प्रतिशत | | | ५५ | ४५ | १०० |

**प्रमाणीकरण मिति २०७८।०४।०७**

**आज्ञाले,**
**राम कुमार कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा मुद्रित रु. ५।-**